# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ७) संख्याः ५ मिति : चैत्र ०५ गते २०८०


भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## आर्थिक विकासका लागि जिविकोपार्जन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०।११।१६

**प्रस्तावना :** यशोधरा गाउँपालिकाको आर्थिक विकासका लागि जीविकोपार्जन सुधार कार्यक्रम मार्फत मानव विकास सूचाकांकमा पछाडि परेका वर्गलाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिन, आर्थिक तथा सामाजिक अवसर र लाभ प्रदान गर्न साथै दलित, मधेशी, अपांग, पिछडा बर्ग, विपन्न, मुस्लिम तथा महिलाको उत्थान सशक्तीकरण गरी गाउँपालिकाको विकासमा मूलप्रवाहीकरण गर्नका लागि संघिय सरकार अन्तरगत विशेष कार्यक्रमबाट कृषक, अपांग, महिला, विपन्न, मुस्लिम तथा दलित वर्गको जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्न वांछनीय भएकोले, यशोधरा गाउँपालिका, गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद–१
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम "  आर्थिक विकासका लागि जीविकोपार्जन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०" रहेको छ ।
२. यो कार्यविधि यशोधरा गाउँपालिकाको कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुने छ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१)"संघिय सरकारको विशेष कार्यक्रम" भन्नाले संघिय सरकारबाट विशेष कार्यक्रम मार्फत प्राप्त अनुदान सम्झनु पर्दछ ।

(२)"समूह"भन्नाले विपन्न, अपांग, मधेशी, दलित, मुस्लिम तथा महिला वर्गका व्यक्तिहरुबाट गठित समूहलाई सम्झनु पर्दछ ।

(३) "कृषक उद्यमी" भन्नाले यशोधरा गाउँपालिका अन्तरगत कृषिमा व्यवसायिक रुपमा काम गर्ने उद्यमी सम्झनु पर्दछ ।

(४) "फोकल पर्सन" भन्नाले परियोजनाको रिपोटिङ्ग तथा समन्वयका लागि प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरका कर्मचारी सम्झनु पर्दछ ।

(५) "कार्यालय" भन्नाले यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(६) "अध्यक्ष" भन्नाले यशोधरा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(७) "उपाध्यक्ष" भन्नाले यशोधरा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(८) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(९) "गाउँपालिका" भन्नाले यशोधरा गाउँपालिका बैदौली कपिलवस्तु सम्झनु पर्दछ ।

(१०) "दलित" भन्नाले नेपाल सरकारले दलित भनि परिभाषित गरेको समुदायका दलितलाइ सम्झनु पर्दछ ।

(१०) "महिला" भन्नाले पछाडि परेका एकल वा गरिब महिला सम्झनु पर्दछ ।

(११) "मुस्लिम" भन्नाले पछाडि परेका मुस्लिम बर्गका व्यक्ति सम्झनु पर्दछ ।

(१२) "मधेशी" भन्नाले पछाडि परेका मुस्लिम बर्गका व्यक्ति सम्झनु पर्दछ ।

(१३) "अपांग" भन्नाले शासरिक रुपमा अशक्त रुपमा पछि परेका व्यक्ति सम्झनु पर्दछ ।

(१२) "विपन्न" भन्नाले पछाडि एवं अति गरिब व्यक्ति सम्झनु पर्दछ ।

## परिच्छेद–२
## कार्यक्रम उद्देश्य, क्षेत्र तथा संचालन

**३. कार्यक्रम उद्देश्य :** कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :-

**क)** दलित, महिला, विपन्न, मधेशी, अपांग तथा मुस्लिम वर्गको ज्ञान, सीप र आयआर्जन र रोजगारी लगायतका क्षेत्रमा पँहुच वृद्धि तथा अवसरहरु सृजना गर्ने ।

**ख)** दलित, महिला, विपन्न, मधेशी, अपांग तथा मुस्लिम वर्गको पेशागत व्यवसायको आधुनिकिकरण तथा विविधिकरणको मध्यमबाट उनिहरुलाइ आर्थिक रुपमा आत्मनिर्भर बनाउने ।

**ग)** आर्थिक सशक्तिकरण गरी विकास निर्माण एवं आर्थिक वृद्धिमा सहयोग हुने ।

**घ)** कृषि पेश मार्फत कृषकलाई उद्यमी बनाउने ।

**४. कार्यक्रमको क्षेत्र :** कार्यक्रम मुलत : देहायका क्षेत्रमा केन्द्रीत भइ कार्यान्वयन गरिनेछ :-

**क)** उत्पादन एवं आयआर्जनमूलक ।

**ख)** परम्परागत पेशा, व्यवसाय, सीपमा आधारित उद्यम विकासका लागि दक्षता अभिवृद्धि ।

**ग)** लघु तथा घरेलु उद्यम प्रवर्द्धन ।

**घ)** सुशासन तथा कार्यक्रम संचालन ।

**५. कार्यक्रम संचालन तरिका :** कार्यक्रम संचालन गर्दा निम्न तरिका अवलम्बन गरिनेछ :-

**क) कृषिमा व्यवसायिक फलफुल खेति कार्यक्रम :** यस कार्यक्रम अन्तरगत यशोधरा गाउँपालिका अन्तरगत आठै वटा वडाबाट व्यवसायिक फलफुल खेति गर्ने इच्छुक कृषकहरु छनौट गरी सम्बन्धित कृषकबाट ३० प्रतिशतको लागत साझेदारीमा फलफुल खेति कार्यक्रम संचालन गर्ने ।

**ख) कृषि सहकारी मार्फत उत्पादन मुलक कार्यक्रम :** यस कार्यक्रम अन्तरगत यशोधरा गाउँपालिका अन्तरगतका कृषि सहकारी

मार्फत कृषिमा आधारित उत्पादन मुलक कार्यक्रममा २० प्रतिशत लागत साझेदारीमा संचालन गर्ने ।

ग) **<u>आय आर्जनका लागि मागमा आधारित सिप तालिम तथा प्रविधि हस्तान्तरण :</u>** यस कार्यक्रम अन्तरगत यशोधरा गाउँपालिकाका विपन्न, वेरोजगार युवा, मधेशी, अपांग, महिला, दलित, मुस्लिम, तथा अल्पसंख्यक वर्गका घरपारिवारको मागमा आधारित सीप मुलक तालिम संचालन तथा प्रविधि हस्तान्तरणमा १० प्रतिशत लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने ।

घ) **<u>अति गरिब विपन्न घरपरिवारलाई बाख्रा पालन कार्यक्रम :</u>** यशोधरा गाउँपालिका अन्तरगत गरिब, विपन्न घर परिवार छनौट गरी बाख्रा पालन कार्यक्रम लाभग्राहीको ५ प्रतिशत लागत साझेदारीमा संचालन गर्ने ।

ङ) **<u>सुशासन तथा कार्यक्रम संचालन</u>** : आर्थिक विकासका लागि जीविकोपार्जन कार्यक्रम संचालनको क्रममा अनुगमन, निरिक्षण, कार्यक्रम बैठक, विविध तथा अन्य कार्यक्रम संचालन गर्ने ।

६. **<u>कार्यक्रम क्रियाकलापहरु :</u>** कार्यक्रमका क्रियाकलापहरु देहाय अनुसार संचालन हुनेछः-

क) **<u>कृषिमा व्यवसायिक फलफुल खेति कार्यक्रम</u>**: यस कार्यक्रममा देहाय अनुसारको क्रियाकलाप संचालन हुनेछ :

१) यशोधरा गाउँपालिका अन्तरगतका व्यवसायिक फलफुल खेति गर्ने इच्छुक कृषि फार्म/कम्पनी खुल्ला पतिस्पर्धा मार्फत छनौट गर्ने ।

२) व्यवसायिक फलफुल खेतीका लागि १० देखि १५ कठ्ठा सम्म जग्गा एउटै ठाउँमा हुनु पर्ने ।

३) व्यवसायिक फलफुल खेतीका लागि छनौटमा परेका कृषि फार्म/कम्पनीले कुल लागतको ३० प्रतिशत रकम व्यहोर्नु पर्ने ।

४) व्यवसायिक फलफुल खेतिका लागि आवश्यक जग्गामा तारबार, सिचाइका लागि विद्युतिय मोटर, फलफुल खेतिका लागि आवश्यक विरुवा तथा सो सँग सम्बन्धि अन्य कृषि सामाग्रीको व्यवस्था गर्ने ।

५) छनौट भएका कृषि फार्म/कम्पनीहरुलाई आवश्यक प्रविधि सम्बन्धि तालिम संचालन गर्ने ।

६) बजारिकरणमा आवश्यक सहयोग गर्ने ।

ख) **<u>कृषि सहकारी मार्फत उत्पादन मुलक कार्यक्रम:</u>** यस कार्यक्रममा देहाय अनुसारको क्रियाकलाप संचालन हुनेछ ।

१) कृषिमा आधारित उत्पादन मुलक कार्यक्रम संचालन गर्न इच्छुक कृषि सहकारी खुल्ला प्रतिस्पर्धा मार्फत छनौट गर्ने ।

२) छनौटमा परेका कृषि सहकारीहरुबाट कृषिमा आधारित उत्पादन मुलक कार्यक्रमका लागि ८०/२० प्रतिशतको लागत साझेदारी हुने ।

३) आयआर्जन वृद्धिका लागि आवश्यक बाजारिकरणमा सहयोग दिने ।

ग) **<u>आय आर्जनका लागि मागमा आधारित सिप तालिम तथा प्रविधि हस्तान्तरण :</u>** यस कार्यक्रममा देहाय अनुसारको क्रियाकलाप संचालन हुनेछ ।

१) अति गरिब, विपन्न, दलित, बेरोजगार युवा, महिला तथा मुस्लिम बर्गका इच्छुक घरपरिवार छनौट गर्ने

२) छनौटमा परेका घरपरिवारहरुको मागको आधारमा सिप मुकल तालिम तथा प्रविधि हस्तान्तरण गरी आय आर्जन व्यवसाय स्थापना गर्ने ।

३) आवश्यक पर्ने तालिम दक्ष जनशक्तिबाट उपलब्ध गराउने ।

४) बजारिकरणमा सहयोग गर्ने ।

घ) **<u>अति गरिब विपन्न घरपरिवारलाई बाख्रा पालन कार्यक्रम</u>** : यस कार्यक्रममा देहाय अनुसारको क्रियाकलपा संचालन हुने छ ।

१) अति गरिब, विपन्न, दलित, मुस्लिम, मधेशी, बेरोजगार युवा तथा अपांग बर्गका इच्छुक घरपरिवार छनौट गरी ५/५ जनाको समूह गठन गर्ने ।

२) गठन भएका समूहलाई बाख्रा पालन सम्बन्धि १ दने तालिम संचालन गर्ने ।

३) प्रति समूहमा २५/२५ वटा बाख्रा र दुइ वटा समुहको बीचमा २ वटा उन्नत प्रजनन योग्य बोका वितरण गर्ने ।

४) बाख्रा प्रवर्द्धनका लागि खोर बनाउने ।

५) समुहमा भिटामिन, औषधी, घाँसको विउ वितरण गर्ने ।

६) बजारिकरणमा सहयोग गर्ने ।

ङ) **<u>सुशासन तथा कार्यक्रम संचालन</u>** : यस कार्यक्रममा देहाय अनुसारको क्रियाकलाप संचालन हुने छ ।

१) कार्यक्रम संचालन गर्दा कार्यक्रमको प्रभावकारिताका लागि अनुगमन तथा निरिक्षण गर्ने ।

२) कार्यक्रम संचालनको दौरान कार्यक्रम सहजिकरणका लागि आवश्यकता अनुसार समितिको बैठक बस्ने ।

३) कार्यक्रमको रिपोटिङ्ग तथा रेकाडिङ्गका लागि भिडियो डक्युमेनटरी निर्माण गर्ने ।

परिच्छेद ३

**कार्यक्रम व्यवस्थापन तथा संचालन समिति र काम, कर्तव्य र अधिकार**

७. कार्यक्रम व्यवस्थापन तथा संचालन समिति :-

१) कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिम कार्यक्रम निर्देशन तथा संचालन समिति रहनेछ :-

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) आर्थिक विकास समितिका संयोजक - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

ङ) कृषि/पशु विकास शाखाका प्रमुख - सदस्य

च) प्रशासन शाखा प्रमुख - सदस्य

छ) फोकल पर्सन -सदस्य सचिव

२) समितिले बैठकमा आवश्यक भएमा बढीमा २ जना सम्म विषय विज्ञ, कार्यक्रम संयोजक वा विषयगत प्रमुखलाई आमन्त्रण गर्न सक्नेछ ।

३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

४) समितिको बैठकको व्यवस्थापन सदस्य सचिवले गर्नु पर्नेछ ।

५) समितिले आफ्नो बैठकको कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

८. **समितिको काम, कर्तव्य र अधिकार :** दफा ७ बमोजिम समितिको प्रचलित कानुन अनुसार रहने गरी देहाय अनुसारको काम, कर्तव्य र अधिकार हुनेछ :-

१) दफा ५ अनुसार सँग सम्बन्धि कार्यक्रमको उचित स्थान पहिचान गर्ने ।

२) प्रचलित कानुन बमोजिम कार्यक्रम संचालनको तरिका, प्रकृया सम्बन्धमा निर्णय गर्ने ।

३) दफा ६ अनुसारको कार्यक्रमका क्रियाकलाप संचालनका लागि आवश्यक सामाग्री, उपकरण तथा थप बजेटको व्यवस्था गर्ने ।

४) कार्यक्रम संचालन तथा व्यवस्थापनमा आवश्यक समन्वय एवं सहजीकरण गर्ने ।

५) लाभग्राही छनौटका लागि सूचना प्रकाशन गर्ने ।

६) तोकिएको मापदण्ड बमोजिम लाभग्राही छनौट गर्ने ।

७) लाभग्राही छनौटका लागि आवश्यक जाँच बुझ गर्ने ।

८) दफा ६ अनुसारको क्रियाकलापमा आवश्यक पर्ने सामाग्रीको व्यवस्थापन तथा खरिद गर्ने गराउने ।

९) कार्यक्रम संचालनको क्रममा आवश्यक पर्ने शर्त वा सम्झौताका शर्तहरु वा सम्झौता गर्ने गराउने एवं निर्धारण गर्ने ।

१०) थप विस्तृत कार्यक्रम तर्जुमा गर्ने/गराउने ।

११) सम्बन्धित वा सरोकारवाला पक्ष वीचमा समन्वय कायम गर्ने गराउने ।

१२) कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने ।

१३) दफा ६ अनुसारको क्रियाकलापमा उत्पान भएको वस्तु वा सामाग्रीहरु बाजारिकरणमा सहयोग गर्ने ।

१४) कार्यक्रम निरन्तरताका लागि थप बजेटको व्यवस्थाको गाउँ कार्यपालिका तथा सम्बन्धि निकायमा अनुरोध गर्ने ।

१५) गाउँ कार्यपालिका तथा गाउँ सभाले यस कार्यक्रम संग सम्बन्धि दिएको निर्देशन तथा सुझाव पालना गर्ने ।

१६) यस कार्यविधिमा छुट भएको अन्य कार्य गर्ने ।

परिच्छेद-४

## विविध

९. **कार्यक्रम संचालन तथा व्यवस्थापन :** संघिय सरकारबाट बिशेष कार्यक्रम मार्फत आर्थिक विकासका लागि जीविकोपार्जन कार्यक्रम संचालनको लागि यस कार्यविधिमा तोकिएको क्रियाकलाप मार्फत यशोधरा गाउँपालिका भित्र कृषि, पशु तथा सीपमा आधारित व्यवसायिक कार्यक्रम गर्ने गरी यो कार्यविधिको निर्माण गरिएको छ । यस कार्यविधिमा तोकिएको व्यवस्था अनुसार गरिब, विपन्न, अपांग, मुस्लिम, महिला, मधेशी तथा व्यवसायिक कृषि उद्यमीलाई आवश्यक सहयोग गरी यशोधरा गाउँपालिकामा आर्थिक विकासमा वृद्धि गर्ने ।

१०. **तालिम प्रदान गर्नुपर्ने :** दफा ५ अनुसारको कार्यक्रम संचालनका लागि कार्यक्रम व्यवस्थापन एंव संचालन समितिले तालिम उपलब्ध गराउनका लागि आवश्यक व्यवस्था मिलाउने ।

११. **अनुगमन तथा मूल्यांकन** : दफा ५ अनुसार कार्यक्रमको व्यवस्थापन तथा संचालनको नियमित अनुगमन तथा मूल्यांकन गर्ने ।

१२. **कार्यविधिको व्याख्या गर्न सक्ने :** यस कार्यविधिको कार्यान्वयनमा देखिएका समस्या वा द्विविधाका सम्बन्धमा कार्यक्रम व्यवस्थापन तथा संचालन समितिले व्याख्या गरी समाधान गर्न सकिनेछ ।

१३. **कारवाही तथा निस्कासन :** दफा ५ अनुसारको कार्यक्रम संचालनका छनौटमा परेका लाभग्राहीहरुबाट तोकिएको कार्य

प्रभावकारी नगरेमा वा आर्थिक हिनामिना गरेमा वा तोकिएको कार्य बाहेक अन्य कुनै कार्य गरेमा कार्यक्रम व्यवस्थापन तथा संचालन समितिले जुनसुकै बेला छनौट भएका व्यक्तिलाइ निष्कासन गरी अन्य व्यक्तिलाई समावेश गर्न सक्नेछ ।

१४. <u>**संशोधन सम्बन्धि व्यवस्था :**</u> गाउँ कार्यपालिकाबाट आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

## <u>अनुसुचि १</u>

## कार्याविधिको दफा ५ सँग सम्बन्धित

## कार्यक्रममा सहभागी हुने लाभग्राही व्यक्ति, समुह, फार्म वा कम्पनी र कार्यालय बीच हुने सम्झौता

...............................................कार्यालय(यस पछि पहिलो पक्ष भनिएको) र ..............................स्थायी ठेगान भएको लाभग्राही व्यक्ति/समूह/सहकारी/फार्म/कम्पनी ..........................................(यस पछि दोस्रो पक्ष भनिएको) बीच आर्थिक विकास लागि जीविकोपार्जन कार्यक्रम कार्यान्वय कार्यविधि, २०८० बमोजिम ...................................... कार्यक्रम संचालन गर्न देहायका शर्तका अधीनमा रही संचालन गर्ने गराउने गरी दुबै पक्षको मंजुरीमा मिति............................. मा यो सम्झौता गरेका छौं ।

<u>शर्त :</u>

१. तोकिएको कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने ।
२. निर्माणको हकमा प्राविधिक स्टीमेट तथा मूल्यांकन प्रथम पक्षबाट हुने ।
३. कार्यक्रम संचालन गर्न आवश्यक सामाग्री प्रमथ पक्षबाट उपलब्ध गराउने ।
४. प्रमथ पक्षबाट आवश्यक प्राविधक सहयोग गर्ने ।
५. दोस्रो पक्षले आफ्नो तर्फबाट रकम लागनी र प्रथम पक्षबाट प्राप्त अनुदानको लागनी छुट्टा छुट्टै स्पष्ट देखिने गरी अभिलेख राखुपर्नेछ ।
६. स्थानीय स्रोत साधनको अधिकतम उपयोग हुने गरी कार्यक्रम/व्यवसाय संचालन गर्नुपर्नेछ ।
७. कार्यक्रम संचालनका लागि प्रथम पक्षबाट अनुदान रकम उपलब्ध गराउदा सम्बन्धि व्यक्तिको बैंक खातामा उपलब्ध गराउनु पर्ने ।

८. कार्यक्रमको लागि प्राप्त सहायता रकमलाई कुनै प्रकारको तलब, भत्ता, चन्दा, पुरस्कार तथा प्रशासकीय कार्यमा खर्च गर्न पाइने छनै ।

९. कार्यालयबाट प्राप्त सहायता रकमको कार्यान्वयनमा वित्तिय अनुशासन तथा पारदर्शिता कायम गरी बजेट सम्बन्धि आर्थिक बर्षको सिद्धान्त अनुरुप बजेटको सदुपयोग पुष्टि गर्ने, लेखा राख्ने, सार्वजनिक लेखा परीक्षण तथा आन्तरिक एवं अन्तिम लेखापरीक्षण गराउने साथै बजेट सम्बन्धमा कानुनी रुपले प्रमाणित गर्ने सम्पूर्ण जिम्मेवारी, उत्तरदायित्व तथा जवाफदेहिता लाभ प्राप्त गरेको वा कार्यको प्रकृति अनुसार संलग्न पक्षको हुनेछ ।

१०. यस सम्झौतामा लेखिए देखि बाहेकका अन्य विषयहरु आर्थिक विकासका लागि जीविकोपार्जन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० र प्रचलित कानुन बमोजिम हुनेछ ।

११. दुइ पक्षबीचमा सामान्य विवाद भएमा आपसि सहमतिमा समाधान गरिनेछ ।

पहिलो पक्ष
दोस्रो पक्ष
कार्यालयको तर्फबाट
लाभग्राहीको तर्फबाट
नाम : नाम :
पद : पद :
हस्ताक्षर : हस्ताक्षर :
मिति : मिति :
छाप :

रोहबर

१. नाम :
पद :
हस्ताक्षर :

२. नाम :
पद :
हस्ताक्षर :

आज्ञाले,

नामः रामचन्द्र ढकाल

प्रमुख प्रशासकीय अधिकृत